## राज्य पुनर्संरचना

कुनै मुलुकभित्रको विद्यमान भौगोलिक, राजनीतिक एवं प्रशासनिक संरचनामा गरिने परिवर्तनलाई राज्य पुनर्संरचना भनिन्छ । राज्य पुनर्संरचनाको क्रममा मुलुकभित्रको भौगोलिक सीमाङ्कन हेरफेर गरी विभिन्न राजनीतिक तथा प्रशासनिक एकाइहरू पुनर्गठन गरिन्छ । यससँगै ती निकायको अधिकार, स्रोतसाधन, जिम्मेवारी र जवाफदेहिताको विद्यमान अवस्थामा व्यापक हेरफेर गरिन्छ । नेपालमा राज्य पुनर्संरचनालाई विभिन्न सङ्घीय एकाइहरूको सङ्ख्या र सिमाना निर्धारण, तदनुरूपको राजनीतिक एवं प्रशासनिक पुनर्संरचना र राज्यका निकायलाई समावेशी बनाउने कार्यको समष्टीका रूपमा लिन सकिन्छ ।

### राज्य पुनर्संरचनाको महत्व

- विद्यमान विभेद र असमानता अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न,
- भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई मजबुत बनाउन,
- विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको अभ्यास गर्न,

– जातीय, भाषिक एवं सांस्कृतिक पहिचानको सम्मान गर्दै विविधताको व्यवस्थापन गर्न,

– राज्यका निकायमा समावेशिता र सहभागिता सुनिश्चित गर्न, द्वन्द्व र विवाद समाधान गर्न,

– प्रशासनिक कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्न, विकास, समृद्धि र सुशासनको अपेक्षा पूरा गर्न,

– शासकीय सुधारलाई संस्थागत गर्न,

– नेपालमा राज्य पुनर्संरचनास्वरूप भएका महत्वपूर्ण परिवर्तन

**नेपालको संविधान जारी भएपश्चात् भएका देहायका परिवर्तनबाट नेपालको राज्य पुनर्संरचनालाई बुझ्न सकिन्छ :**

– एकात्मकबाट सङ्घात्मक शासनमा रूपान्तरण,

– संवैधानिक राजतन्त्रको सट्टामा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अवलम्बन,

– धर्म सापेक्षताको सट्टा धर्म निरपेक्षता,

– समावेशी र सहभागितामूलक शासन व्यवस्था आत्मसात्,

– बहुलवाद र बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थाको स्वीकारोक्ति,

– राज्यका अङ्गहरूमा समावेशीकरण र लोकतान्त्रीकरणको प्रयास,

– प्रदेश तथा स्थानीय तहको सङ्ख्या र सिमाना निर्धारण,

– साबिकका जिल्लाको सङ्ख्या र सिमानामा हेरफेर,

– विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने अवस्था,

– राज्यशक्ति र स्रोतसाधनको तहगत बाँडफाँट,

– साबिकका राष्ट्रसेवक कर्मचारीको तीन तहमा समायोजन,

– प्रदेश लोक सेवा आयोगहरूको गठन,

– मिश्रित निर्वाचण प्रणाली अवलम्बन,

– सुधारिएको संसदीय प्रणाली अवलम्बन,

– उच्च अदालतहरूसहितको एकीकृत न्यायप्रणाली कायम,अधिकारमुखी संवैधानिक निकायको व्यवस्था ।

अन्त्यमा नेपालको संविधानले राज्य पुनर्संचरनाका विविध पक्षलाई सम्बोधन गरेको छ । सङ्घीय कानुनबाट निर्धारण गर्न सकिने भनी राखिएका कतिपय संवैधानिक प्रावधान तथा संविधान संशोधनको प्रावधान हेर्दा समय, परिस्थिति र मुलुकको आवश्यकता अनुसार राज्यको पुनर्संरचना गर्दै अगाडि बढ्न सकिने कुरामा विश्वस्त हुन सकिन्छ ।